म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

वर्षः१५ अङ्कः- ३०८ २०८१ असोज १५ गते मंगलबार 1 October 2024, Tuesday - पृष्ठ ४ मूल्य रू. ५/-

## बाढीपहिरोमा मृत्यु हुने २०५ पुग्यो

काठमाडौंः शुक्रबार र शनिबारको भारी वर्षाका कारण बाढी पहिरो र डुबानमा परी मृत्यु हुनेको संख्या २०५ पुगेको छ। सोमबार साँझसम्म बाढी, पहिरो लगायतका विपद्रुमा परी २०५ जनाको मृत्यु भइसकेको नेपाल प्रहरी प्रधान कार्यालयले जनाएको छ। प्रहरीका अनुसार काठमाडौं उपत्यकामा ५६ जना, कोशी प्रदेशमा १७ जना, मधेश प्रदेशमा ५ जना, बागमती प्रदेशमा १ सय २५ जना र लुम्बिनी प्रदेशमा २ जनाको ज्यान गएको हो। बाढी पहिरोमा परी २४ जना बेपत्ता भएका छन् भने बेपत्ताको खोजी कार्य जारी छ। बाढी, पहिरो लगायतका विपद्रुमा परी काठमाडौं उपत्यकामा २४ जना, कोशी प्रदेशमा १३ जना, मधेश प्रदेशमा ८ जना, बागमती प्रदेशमा ८५ जना गरी १३० जना घाइते भएका छन् । घाइतेहरूलाई उपचारको लागि स्थानीय अस्पताल लगिएको छ।

# विपद् प्रभावित जिल्लालाई २ करोड ३० लाख पठाइने



समाज संवाददाता

हेटौंडाः बागमती प्रदेश सरकारले विपद् व्यवस्थापनका लागि १३ जिल्लालाई २ करोड ३० लाख रुपैयाँ उपलब्ध गराउने भएको छ । प्रदेशको आन्तरिक मामिला तथा कानुन मन्त्रालयमार्फत् उक्त रकम सम्बन्धित जिल्ला विपद् व्यवस्थापन समितिमा पठाउने भएको हो ।

मन्त्री सुरजचन्द्र लामिछानेको संयोजकत्वमा बसेको विपद् व्यवस्थापन कार्यकारी समितिको बैठकले विपद् प्रभावित जिल्लाका मृतकका परिवारलाई राहत रकम प्रदान गर्ने निर्णय गरेको हो । बैठकको निर्णयअनुसार विपद्बाट बढी क्षति व्यहोरेको काभ्रेलाई ६० लाख रुपैयाँ, धादिङलाई ५० लाख रुपैयाँ, ललितपुरलाई ३० लाख रुपैयाँ, काठमाडौं र सिन्धुपाल्चोकलाई २०/२० लाख रुपैयाँ, दोलखा, सिन्धुली, रामेछाप, मकवानपुर र भक्तपुरलाई १०/१० लाख रुपैयाँ राहत रकम वितरणका लागि उपलब्ध गराउने निर्णय गरेको हो ।

उक्त रकम सम्बन्धित जिल्लाको विपद् व्यवस्थापन कोषमा जम्मा गरिने मन्त्री लामिछानेले बताउनुभयो । उहाँका अनुसार सम्बन्धित जिल्लाबाट माग भई आएको खण्डमा राहतका लागि थप रकमसमेत उपलब्ध गराइनेछ ।

त्यस्तै, बैठकले प्रदेश विपद् व्यवस्थापन कोष परिचालन कार्यविधि २०८० को दफा ३ अनुसार खोज, उद्दार तथा प्रतिकार्यका लागि कार्यविधिको दफा ५ (१) अनुसार १३ जिल्लाका विपद् व्यवस्थापन कोषमा ५/५ लाख रुपैयाँ गरी ६५ लाख रुपैयाँ उपलब्ध गराउने निर्णय गरेको छ । उक्त रकम विपद्बाट प्रभावित भएका सडक मर्मतमा प्रयोग भएका मेसिन, औजारका इन्धन खरिदलगायतमा खर्च गरिने उहाँको भनाइ छ ।

बैठकले प्रदेश राजमार्ग अन्तर्गतको सडकहरुमा तत्काल यातायात सञ्चालनको व्यवस्था गर्न प्रदेशको भौतिक पूर्वाधार विकास मन्त्रालय, खानेपानी ऊर्जा तथ सिंचाइ मन्त्रालय, सुरक्षा निकाय, स्थानीय तहसँग समन्वय गरेर काम अघि बढाउने निर्णय गरेको छ । उक्त कार्यालयका लागि आवश्यक बजेटको व्यवस्थापन सम्बन्धित मन्त्रालयबाट गर्ने गरी लागत स्टमेटसहित आर्थिक मामिला मन्त्रालयमा पेश गर्ने निर्णय गरेको छ ।

बैठकले विपद् प्रभावित कृषकहरुको लगत संकलन गर्न कृषि तथा पशुपन्छी विकास मन्त्रालय, विद्यालय भवनहरुको अवस्थाको तथ्यांक संकलन गर्न सामाजिक विकास मन्त्रालय, खानेपानीको व्यवस्थापन मिलाउन खानेपानी ऊर्जा तथा सिंचाई मन्त्रालयले गर्ने गरी व्यवस्था मिलाउने निर्णय गरेको छ । बैठकले विपद् प्रभावित नागरिकहरुको उपचार निःशुल्क गर्न स्वास्थ्य मन्त्रालयले व्यवस्था मिलाउने निर्णय गरेको छ भने कालाबजारी, कृत्रिम अभाव नियन्त्रण तथा खाद्यान्न तथा अत्यावश्यक वस्तुको सहज आपूर्तिको व्यवस्था मिलाउन उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालयले व्यवस्था मिलाउने निर्णय गरेको छ ।

# मृतकका परिवारलाई २ लाख राहत

## उद्दारकर्ता चणिकलाललाई सम्मान गर्ने

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेश सरकारले बाढि, पहिरो र डुवानमा परेर मृत्यु भएकाका परिवारलाई प्रतिमृतक २ लाख रुपैयाँ उपलब्ध गराउने भएको छ। प्रदेश सरकारले प्रदेश भित्र स्थायी बसोबास गर्ने मृतकका परिवारलाई प्रतिव्यक्ति क्षतिपूर्ति स्वरुप २ लाख रुपैयाँ राहत रकम तत्काल दिने निर्णय गरेको हो ।

मुख्यमन्त्री बहादुर सिंह लामाको अध्यक्षतामा सोमबार प्रदेश सुशासन केन्द्र जावलाखेलमा बसेको बैठकले विपद्मा परेर घाईते भएकाहरुको निशुल्क उपचार गर्ने व्यवस्थापन मिलाउने निर्णय गरेको छ । बैठकले अस्थायी आवास निर्माणका लागि पूर्ण क्षतिको विवरण संकलन गरी प्रदेश सरकारले १ लाख सहयोग गर्ने निर्णय गरेको छ ।

बैठकले विपद्जन्य घटना सम्बन्धमा छलफल गर्दा तत्काल उद्दार राहत र पुनर्निर्माणमा जुट्ने निर्णय गरेको छ भने भौतिक रुपमा क्षति भएका सडक, पुल, विद्युत, खानेपानी लगायतको व्यवस्थापन गर्न प्रदेश मातहतका कार्यालयहरु मार्फत वजेट व्यवस्थापन गर्ने, वस्ती, घर, चौपायाहरुको क्षतिको विवरण संकलन गरी आवश्यक सहयोग गर्ने निर्णय गरेको छ ।

यस्तै ललितपुर महानगरपालिका-२५ सुगमटोलस्थित नख्खु खोलामा बग्दै गरेका दुई जनाको उद्दार गरेका काभ्रेका चणिकलाल तामाङलाई बागमती प्रदेश सरकारले डेढ लाख नगदसहित सम्मान गर्ने भएको छ । मुख्यमन्त्री बहादुरसिंह लामाले चणिकको सहासिक कामबाट दुई जनाको ज्यान जोगिएको भन्दै प्रदेश सरकारले सम्मान गर्न लागेको जानकारी दिनुभयो ।

काभ्रेको तेमाल गाउँपालिका-९ चोकटारका तामाङले गत शनिबार नख्खु खोलामा बग्दै गरेका रौतहटका राजु साहकी छोरी ६ वर्षीया मेघना साह र राजुका भाइ २२ वर्षीय राज साहको उद्दार गर्नुभएको थियो । तामाङलाई टेलिफोनमार्फत् साहासिक कामका लागि धन्याबाद दिएको बताउनुहुँदै मुख्यमन्त्री लामाले प्रदेश सरकारले नगदसहित सम्मान गर्न लागेको जानकारी तामाङलाई गराइएको जानकारी दिनुभयो ।

विपद् प्रतिकार्यमा तामाङले खेलेको भूमिकाले नागरिकस्तरमा समाजसेवी भावना जागृत गरेको बताउनुहुँदै मुख्यमन्त्री लामाले सामाजिक कामका लागि सम्मान गर्न लागिएको जानकारी दिनुभयो । तामाङको सहासिक कार्यले विपद् व्यवस्थापनमा आम नागरिकले कस्तो भूमिका खेल्न सक्छन् भन्ने उदाहरण र प्रेरणा मिलेको बताउनुहुँदै मुख्यमन्त्री लामाले आगामी दिनमा विपद् प्रतिकार्यका लागि तामाङ जस्ता युवालाई प्रदेश सरकारले साथमा लिने बताउनुभयो ।

यसैबीच मुख्यमन्त्री लामाले विपद् व्यवस्थापन र बाढी, पहिरो प्रभावितको तत्कालिन उद्दार र राहत व्यवस्थापनका लागि प्रदेश सरकारले १३ वटै जिल्लामा आवश्यक जनशक्ति व्यवस्थापन गरेको बताउनुभएको छ । विपद् प्रभावितको उपचारका लागि सबै जिल्लामा टोली परिचालन गरिएको बताउनुहुँदै मुख्यमन्त्री लामाले पीडितको निशुल्क उपचारको व्यवस्था मिलाइएको जानकारी दिनुभयो । तत्कालिन राहत र अस्थायी बसोबासका लागि आवश्यक प्रवन्ध गरिएको बताउनुहुँदै मुख्यमन्त्री लामाले संघीय सरकारसँगको समन्वय र स्थानीय सरकारसँगको सहकार्यमा पीडितलाई थप राहतको व्यवस्थापन गरिने जानकारी दिनुभयो ।

बाढी र पहिरोका कारण क्षति भएका राजमार्ग र ग्रामिण सडक दशैं अघि नै सुचारु हुनेगरी काम सुरु भइसकेको पनि मुख्यमन्त्री लामाले जानकारी दिनुभयो । प्रदेश भित्रका सबै जिल्लाका सडकहरुको अवस्थाबारे तथ्यांक संकलन भइरहेको र दसैं अघिनै सवारी सञ्चालन हुनेगरी निर्माण थाल्न सरकारले विशेष रणनीति बनाएको मुख्यमन्त्री लामाले जानकारी दिनुभयो ।

## हेटौंडा उपमहानगरको राजश्वको दर वृद्धि विवाद

# विशेष नगरसभाको मिति सऱ्यो, उपप्रमुखको संयोजकत्वका कार्यदल गठन

समाज संवाददाता

हेटौंडाः अस्वभाविक र अवैधानिक तरिकाबाट हेटौंडा उपमहानगरपालिकाले राजश्वको दरमा हेरफेर गरेको विरोधपछि आव्हान गरिएको विशेष नगरसभाको दोस्रो मिति सरेको छ । यसअघि गत भदौ २८ गते बसेको विशेष नगरसभाले दोस्रो विशेष नगरसभा असोज १५ गतेका लागि तय गरेको थियो । आइतबार बसेको नगर कार्यपालिका बैठकले विशेष नगरसभाको मिति असोज २२ गतेका लागि सार्ने निर्णय गरेको छ ।

नगरप्रमुख मीना कुमारी लामाको अध्यक्षतामा आइतबार बसेको बैठकले राजश्वको दर परिवर्तन गर्ने विषयमा अध्ययन गर्न उपप्रमुख राजेश बानियाँको संयोजकत्वमा कार्यदल समेत गठन गरेको छ । कार्यदलमा वडा अध्यक्षहरु सविन न्यौपाने, विष्णुगोपाल महर्जन, नवीन सिग्देल र फूर्वा दोर्जे लामा सदस्य हुनुहुन्छ । यस्तै व्यवसायीको तर्फबाट मकवानपुर उद्योग वाणिज्य संघका अध्यक्ष कृष्ण कुमार गुप्ता अग्रवाल, उपाध्यक्ष उज्ज्वल चौलागाई रहनुभएको उपप्रमुख राजेश बानियाँले जानकारी दिनुभएको छ। यस्तै कार्यदलमा हेटौंडा उपमहानगर पालिकाको राजश्व, कानुन र प्रशासन शाखाका प्रमुखहरु पनि सदस्य छन् ।

गत असार ७ गते सम्पन्न नगर सभाले चालु आर्थिक वर्षका लागि तय गरिएको राजश्वको दर अस्वभाविक र चर्को दरमा वृद्धि गरिएको भन्दै नगरवासी र व्यवसायीले विरोध जनाएका छन् । व्यवसायी आन्दोलनमै उत्रिएपछि उपमहानगरपालिकाले राजश्वको दर साविककै कायम गर्ने सहमति समेत गरिसकेको छ । राजश्वको दर परिवर्तन गर्ने सम्बन्धमा अध्ययन गर्न उपप्रमुख बानियाँको नेतृत्वमा प्रमुख प्रशासकीय अधिकृत, वडाअध्यक्ष, व्यवसायी प्रतिनिधिको सहभागितामा संघीय सरकारका पूर्वअर्थमन्त्री एवम् अर्थविद् डा. युवराज खतिवडा, पूर्व अर्थसचिव राजन खनाल र हालका अर्थसचिव डा. रामप्रसाद घिमिरेसँग समेत परामर्श गरेको छ ।

पूर्व अर्थमन्त्री र सचिवहरुसँगको छलफलमा राजश्वको दर परिवर्तन गर्न सकिने सुझाव प्राप्त भएको र सुधार गर्दै गर्दा त्यसका प्रभावहरुलाई पनि मूल्यांकन गर्नुपर्ने सुझाव प्राप्त भएको उपप्रमुख बानियाँले बताउनुभयो । "हामीले पूर्व अर्थमन्त्री र अर्थसचिवलाई भेटेर राजश्वको दर परिवर्तन गर्न सकिन्छ कि सकिन्न भन्ने जिज्ञासा राख्यौं । उहाँहरुले अहिलेको स्थानीय सरकार कार्यपालिका र व्यवस्थापिका दुबै भएकोले राजश्वको दर परिवर्तन गर्न सकिने सुझाव दिनुभएको छ", उपप्रमुख बानियाँले भन्नुभयो, "कार्यान्वयनमा आइसकेको राजश्वको दर परिवर्तन गर्दा देखापर्ने प्रभावका विषयमा भने विश्लेषण गर्नुपर्ने उहाँहरुको सुझाव थियो ।"

हेटौंडा उपमहानगरपालिकाको कार्यपालिका सदस्य नवीन सिग्देलले आइतबारको कार्यपालिका बैठकले राजश्वसम्बन्धी विवादको विषयमा अध्ययन गर्न र १८ गतेभित्र प्रतिवेदन बुझाउन उपप्रमुखको संयोजकत्वमा कार्यदल गठन गरेको जानकारी दिनुभयो । कार्यदलले अध्ययन गरेर कार्यपालिका बैठकमा प्रस्ताव पेश गरेर विशेष नगरसभाबाट उपयुक्त निर्णय लिइने सिग्देलले स्पष्ट पार्नुभयो ।

हेटौंडा उपमहानगरपालिकाले गत असार ७ गते राजश्वको दर परिवर्तन गर्ने गरी नगरसभाबाट आर्थिक ऐन र विनियोजन विधेयक पारित गर्दै गर्दा नगर सभाका सदस्यलाई आर्थिक ऐन र विनियोजन विधेयकको दफावार छलफल नै नगरी पारित गरेको थियो । नगरवासी र व्यवसायीको विरोध भएर आन्दोलन नै भएपछि नगरप्रमुख मीना कुमारी लामा, उपप्रमुख राजेश बानियाँसहित कार्यपालिका सदस्यहरुले व्यवसायीसँग राजश्वको दर साविककै कायम राख्ने सहमति गरेको छ भने नगरसभाका बहुमत सदस्यले विशेष नगरसभाको माग गरेका थिए। व्यवसायीले राजश्वको दर परिवर्तन गर्ने गरी उपमहानगरपालिकाले पूरा गरेको प्रक्रियाको विवरण माग गर्दा उपमहानगरपालिकाले विवरण सार्वजनिक गर्न सकेको छैन ।

# एन्फा एकेडेमीका ३ विद्यार्थीको शव हेटौंडा ल्याइयो

समाज संवाददाता

हेटौंडाः अखिल नेपाल फुटबल संघ (एन्फा) ले मकवानपुरको सिस्नेरीमा सञ्चालन गरेको सिस्नेरी एकेडेमीका ३ जना विद्यार्थीको शव हेटौंडा ल्याइएको छ । सिस्नेरीस्थित बत्सला माध्यमिक विद्यालयमा सञ्चालित एकेडेमीमा आवद्ध ३ जना विद्यार्थीको शव हेटौंडा ल्याइएको हो ।

शनिबार सिस्नेरीमा पहिरोमा परेर एकेडेमीका ६ जना विद्यार्थीको मृत्यु भएको थियो । मृत्यु भएका मध्ये हेटौंडा-१२ का अनुपम घलान, मकवानपुरगढी गाउँपालिकाका साइमन योन्जन र बारा जिल्लाको निजगढका विकल रेग्मीको शव हेटौंडा ल्याइएको हो । उनीहरुको शव काठमाडौंबाट हेलिकप्टरमार्फत हेटौंडा ल्याइएको हो ।

शव हेटौंडा ल्याएपछि जिल्ला खेलकुद विकास समिति मकवानपुरले श्रद्धाञ्जली सभा गरेको छ । हेटौंडाको हुप्रचौरमा ३ वटै शव राखेर श्रद्धाञ्जली सभा गरिएको हो । श्रद्धाञ्जली सभापछि तीनवटै शव परिवारले बुझेर लगेका छन् । मकवानपुरको मकवानपुरगढी-४, कालीखोलाका साइमन योञ्जनको अन्त्येष्टी गरिएको छ ।

साइमनका परिवारले शव बुझेर मकवानपुरगढी-४, कालिखोलामै साइमनको अन्त्येष्टि गरिएको हो । हेटौंडा-१२ का अनुपम घलानको भने आज मंगलबार अन्त्येष्टी गरिने पारिवारिक स्रोतले जनाएको छ ।

# मेडिकल कलेजमा सुत्केरीको मृत्यु

समाज संवाददाता

हेटौंडाः अत्यधिक रक्तश्रावका कारण हेटौंडा-९ की एक सुत्केरीको मृत्यु भएको छ । आइतबार दिउँसो १ बजेको समयमा सुत्केरी भएकी ३२ वर्षीया रमिला मैनालीको सोमबार बिहान ८ बजेको समयमा मृत्यु भएको परिवारका सदस्यले जनाएका छन् ।

चितवन जिल्लाको भरतपुरस्थित चितवन मेडिकल कलेजमा सुत्केरी भएकी रमिलाले दोस्रो सन्तानको रुपमा छोरालाई जन्म दिएकी थिइन्। रमिलाको पहिलो सन्तान छोरी छ । सामान्य अवस्थामै सुत्केरी भएकी रमिलाको अत्यधिक रक्तश्राव भएको बताइएको छ । नवजात शिशुको स्वास्थ्य अवस्था भने राम्रो रहेको छ ।

# हेटौंडा अस्पतालमा एक महिनामा १९ जना किशोरी आमा बने

समाज संवाददाता

हेटौंडाः हेटौंडा-१ स्थित हेटौंडा अस्पतालमा एक महिनामा १९ जना किशोरी आमा बनेका छन् । हेटौंडा अस्पतालमा गत भदौ महिनाको अवधिमा १९ जना किशोरीहरु आमा बनेका हुन् ।

हेटौंडा अस्पतालको तथ्याङ्कअनुसार चालु आर्थिक वर्ष २०८१/०८२ को भदौ महिनामा १९ जना किशोरी आमा बनेको अस्पतालका मेडिकल रेकर्डर हरिस मल्लले जानकारी दिनुभएको छ । हेटौंडा अस्पतालबाट करिब ३ सय जनाले गर्भवती सेवा लिएको उहाँले बताउनुभयो ।

अस्पतालमा २ सय ९८ जनाले प्रसुति गराएकोमा ९५ जनाले सामान्य अवस्थामा बच्चा जनमाएका थिए भने ८ जनाले जटिल अवस्थामा बच्चा जन्माउनुपरेको मेडिकल रेकर्डर मल्लले बताउनुभयो । मेडिल रेकर्डर मल्लका अनुसार १ सय ६४ जना बालक र १ सय ३५ जना बालिकालाई जन्म दिइएको छ ।

किशोरी आमा बन्दा व्यक्तिगत स्वच्छतामा ध्यान नपुग्ने, जन्मेको शिशुको हेरचाहमा कमी हुने, आमा र शिशु दुबैमा समस्या देखिने गरेको छ । किशारीहरुले सानै उमेरमा बच्चा जन्माउने गरेका कारण उनीहरुको पाठेघरमा समस्या परेर आमा र बच्चा दुबैलाई जोखिम हुनसक्ने चिकित्सकहरुले बताएका छन् । किशोरी आमाले जन्माएको शिशुमा पनि विभिन्न समस्या देखिने भएकाले किशोरकिशोरीहरुलाई सचेत गराउन आवश्यक रहेको चिकित्सकहरुले बताएका छन् ।

## सम्पादकीय

# सावधान नहुँदा क्षति

गत बिहीबारदेखि शनिबारसम्म परेको अविरल वर्षाले देशको पूर्वी तथा मध्ये क्षेत्रमा व्यापक जनधनको क्षति भएको छ । निरन्तरको भारी वर्षाका कारण आएको बाढी, पहिरो र त्यसबाट भएको कटान तथा डुबानको समस्याले जनजीवन प्रभावित बनेको छ । भारी वर्षाका कारण खोला, नदीहरुमा आएको बाढी तथा नदीले गरेको कटानले धेरै क्षति पुगेको छ । पहाडी क्षेत्रमा गएको पहिरो र काठमाडौं उपत्यकामा भएको डुबानले जनजीवन अस्तव्यस्त बनाएको छ । बाढी, पहिरो, कटान तथा डुबानजस्ता विपद्मा परी शुक्रबारदेखि सोमबार अपराह्नसम्म मृत्यु हुनेको संख्या २०५ पुगेको छ । काठमाडौं उपत्यकामा ५६ जना, कोशी प्रदेशमा १७ जना, मधेश प्रदेशमा ५ जना, बागमती प्रदेशको उपत्यकाबाहेकका १० जिल्लामा १२५ जना, लुम्बिनी प्रदेशमा २ जना गरी जम्मा २०५ जनाको मृत्यु भएको प्रहरीको तथ्यांक छ । बाढी, पहिरोमा परी २४ जना बेपत्ता भएका छन् ।

यस पटकको विपद् पूर्वानुमान गरिएको भए पनि सरकारी निकायहरुले पर्याप्त पूर्वतयारी नगर्दा र आम नागरिकले सतर्कता नअपनाउँदा व्यापक क्षति भएको छ । तीन तहको सरकार भए पनि सरकारी संयन्त्रहरुबीच आवश्यक समन्वय र सहकार्य नहुँदा विपद्बाट हुने क्षति न्यूनीकरण गर्न सकिएन । तत्कालको लागि बाढी, पहिरोको विपद् टरेको भए पनि अबको उद्दार, राहत र पुन:स्थापनामा पर्याप्त ध्यान नपुगने हो भने अझ बढी क्षति हुने सम्भावना रहन्छ । विपद्का घटनाबाट लाखौं मानिस प्रभावित र पीडित भएका छन् । दुई दिनको अविरल वर्षाका कारण भएको विपद्मा परेका ४ हजार २ सयभन्दा बढीको उद्दार गरिएको छ । ७ सय जनाभन्दा बढीको हवाई उद्दार गरिएको हो । अहिलेको अवस्थामा बेपत्ताको खोजी गर्नु पहिलो काम हो भने बाढी, पहिरो, डुबान र कटानबाट पीडित र प्रभावित भएकालाई अस्थायी बसोबासको उचित व्यवस्था गरी आवश्यक सामग्री उपलब्ध गराउनु पनि उत्तिकै आवश्यक छ । जोखिममा रहेका घर परिवारलाई सुरक्षित स्थानमा राख्न पनि विशेष ध्यान दिनुपर्छ ।

विशेषगरी काठमाडौं उपत्यका र आसपासका क्षेत्रका साना-ठूला सबै नदी, खोला र खहरेमा आएको बाढीले बितण्डा गरेको छ । गाउँ, शहर र बस्तीमा बाढी पसेपछि धेरैको घरबास गुमेको छ । कृषि बाली तथा चौपायको क्षति भएको छ । उद्योग, व्यवसायमा पनि क्षति पुगेको छ । सडक, पुलमा भएको क्षति अरबौंको छ । दुई दर्जनभन्दा बढी विद्युत आयोजनामा क्षति पुगेको छ । आर्थिक क्षेत्रमा भएको क्षतिको प्रभाव विस्तारै कम हुँदै जाने भए पनि पीडित र प्रभावित व्यक्तिलाई गाँस, बास र कपासको तत्काल प्रबन्ध गरी उचित व्यवस्थापन नगर्ने हो भने त्यसले अर्को विपद् निम्तन सक्नेतर्फ गम्भीर हुनु आवश्यक छ । बाढी, पहिरो र डुबान भएका क्षेत्रमा दूषित खानेपानी र खानेकुराका कारण संक्रामक रोग फैलिएर महामारीको रुप लिने जोखिम रहन्छ । प्राकृतिक विपद्लगत्तै झाडापखाला, हैजा, टाइफाइड, डेंगुजस्ता सरुवा रोगको महामारीको जोखिम उच्च रहने विगतको घटनाबाट पाठ सिक्नु आवश्यक छ ।

विपद्ले गर्ने क्षति गरिसकेको छ । अबको काम भनेको पीडित र प्रभावितलाई उचित राहत र बसोबासको व्यवस्थापन गर्नु हो । विपद्पछि विभिन्न व्यक्ति, संघसंस्था तथा दातृ निकायले राहत सामग्री तथा आर्थिक सहयोग उपलब्ध गराउने गर्दछन् । यसरी उपलब्ध गराइएका राहतको वितरण भने सधैं विवादित बन्ने गरेको छ । कोशी प्रदेश सरकारले आइतबार मृतकका परिवारलाई २ लाख दिने घोषणा गरेपछि बागमती प्रदेश सरकारले पनि सोमबार मृतकका परिवारलाई २ लाख रुपैयाँ दिने घोषणा गरेको छ । बागमती प्रदेश सरकारले अस्थायी आवास बनाउन एक लाख रुपैयाँसमेत दिने निर्णय गरेको छ । विपद्मा परेका व्यक्ति तथा परिवारलाई सहयोग गर्नु सकारात्मक भए पनि सरकारको दायित्व राहत रकम बाँड्नमा मात्र सिमित हुनु हुँदैन । तीन तहको सरकारले राहतस्वरुप रकम बाँड्ने प्रतिस्पर्धा गर्नुभन्दा आवश्यक समन्वय र सहकार्य गरेर एकद्वार प्रणालीबाट जोखिमबाट प्रभावित र पीडितका लागि राहत र बसोबासको उचित व्यवस्थापन गर्नुपर्छ । सरकारी ढुकुटीको पैसा बाँड्नुभन्दा यस्ता विपद्बाट क्षति हुनै नदिनेतर्फ सरकारले प्रभावकारी काम गरेर आम नागरिकलाई सरकार भएको प्रत्याभूति दिनु उचित हुनेछ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | चित्लाङ इलाका ६२१००० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | वारुण यन्त्र १०१ |
| ट्राफिक प्रहरी १०३ | बालबालिका खोजतलास केन्द्र १०४ |
| वडा प्रहरी ५२०२९९ | बाल हेल्पलाइन १०९८ |
| पशुपतिनगर इलाका ५२०५९८ | हेलो सरकार ११११ |
| मनहरी इलाका ९८५५०९०१६१ | नेपाल टेलिकम सोधपुछ १९७ |
| भीमफेदी इलाका ६९१४६२ | एम्बुलेन्स १०२ |
| पालुङ इलाका ६२०४६७ | नेपाल विद्युत प्राधिकरण गुनासो ११५० |
| फापरबारी इलाका ६२१९८० | |

## तपाईंको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : आत्मबल बढ्ने समय योग रहेको छ ।
**वृष** : रोकिएको काम बन्ने सम्भावनार्थ देखिन्छ ।
**मिथुन** : ज्ञान र सीप बढ्ने समय योग छ ।
**कर्कट** : हाँके ताकेका काममा सफलता मिल्ने छ ।
**सिंह** : साँझेदारी कामबाट लाभ प्राप्त हुने समय छ ।
**कन्या** : कर्तव्यप्रति सचेत रहँदा मान/सम्मान प्राप्त ।
**तुला** : प्रशासनिक एवम् राजनैतिक काममा सरिक भइने छ ।
**वृश्चिक** : व्यापार–व्यवसाय मध्यमकारक रहने छ ।
**धनु** : वैदेशिक योगका काममा लाभ प्राप्त होला ।
**मकर** : पढाइ–लेखाइ मध्यमकारक रहने समय छ ।
**कुम्भ** : मनमा शान्तिको अनुभूति प्राप्त हुने समय छ ।
**मीन** : मनोरञ्जनका काममा समय व्यतित होला ।

# खोलौं निषेधित क्षेत्र

**निनाम लोवात्ती**

नेपालमा पर्यटक आगमनको मुख्य सिजन सुरु हुँदै छ। खासगरी शरद ऋतुमा पदयात्रा र हिमाल आरोहणका लागि विदेशी पर्यटकहरु नेपाल आउने गर्छन् । अरु सिजनमा भन्दा यसबेला बढी नै पर्यटक आउँछन् ।

हालसम्म नेपालका हिमाली जिल्लामा पर्ने केही सीमा क्षेत्र अहिले पनि विदेशी पर्यटकका लागि 'निषेधित' घोषणा गरिएको छ। नेपालका उत्तरी छिमेकी देश चीनको स्वशासित क्षेत्र तिब्बतसँग सीमा जोडिएका अधिकांश हिमाली जिल्लाका नाकालाई निषेधित क्षेत्र घोषणा गरिएको छ । त्यसरी निषेधित क्षेत्र घोषणा गर्नुको खास कारणचाहिँ युरोप र अमेरिकी पर्यटकलाई लक्षित गरिएको हो भन्ने सहजै बुझ्न सकिन्छ ।

किनभने चीन सरकारले विदेशी (युरोप र अमेरिकी देशका जासुस वा भनौं एजेन्ट) पर्यटकको भेषमा नेपालको बाटो भई चीनको स्वशासित क्षेत्र तिब्बत छिरेर उपद्रव मच्चाउलान् भन्ने आशंका गर्छ । सोही आशंकाअनुसार नै चीन सरकारले नेपाल सरकारलाई आग्रह गरेपछि नेपालको उत्तरी क्षेत्रका केही नाका नेपाल सरकारले निषेधित घोषणा गरेको बुझ्न गाह्रो छैन। त्यसैले ताप्लेजुङ, डोल्पा, सोलुखुम्बु, रसुवा, हुम्ला, दार्चुला, मनाङ, दोलखा, मुस्ताङ, गोरखा, सिन्धुपाल्चोक, मुगु, बझाङ, संखुवासभालगायत जिल्लाका विभिन्न क्षेत्रलाई निषेधित क्षेत्र भनी तोकिएको छ ।

खासमा १ सय ४ वर्षे राणा शासनकालमा पनि विदेशीलाई नेपालमा जथाभावी भ्रमण गर्न बन्देज लगाइएको थियो। त्यसैले नेपालमा लामो समयसम्म पर्यटन व्यवसायले फस्टाउने अवसर पाएन, जसको असर हालसम्म पनि परिरहेको छ । तर, वि.सं. २००७ को राजनीतिक परिवर्तनसँगसँगै विदेशीहरूका लागि नेपाल पनि खुला भयो । वि.सं. २०१७ को राजनीतिक कू (परिवर्तन)पछि



नेपालमा अरू बढी विदेशी पर्यटकले नेपालको भ्रमण गर्न थाले । सुरुताका नेपालमा विदेशी पर्यटकका लागि चाहिने आधारभूत आवश्यकताका चिजबिज परिपूर्ति गर्नका लागि केही विदेशी नै अघि सरेर नेपालमा पर्यटन व्यवसायको सुरुवात गरे।

खासगरी सुरुमा बेलायती, जर्मन, जापानिज, स्वीस, रुसी, फ्रान्सिसीलगायत विदेशी नागरिकले नेपालको पर्यटन प्रवर्द्धन गर्न योगदान गरेका थिए। त्यस्ता विदेशी, जो नेपाल आएर बसेका थिए, उनीहरू सुरुमा शुद्ध पर्यटन व्यवसायीका रूपमा भन्दा पनि कुनै उद्देश्यले नेपाल आएर बसेका थिए । यसरी हेर्दा नेपालको पर्यटनबारे विदेशमा प्रचारप्रसार र पर्यटन बजारको विस्तार गर्ने सुरुवात विदेशीबाटै भएको हामीले स्विकार्नुपर्ने हुन्छ । ३० वर्षे पञ्चायतकालमा चाहिँ नेपालमा पर्यटन क्षेत्रमा जति प्रगति हुनुपर्ने हो, त्यति हुन सकेन। वि.सं. २०४६ मा आएको प्रजातन्त्रसँगै नेपाली पर्यटनले पनि केही न केही गति लिन थाल्यो। हुन त नेपाल सरकारले हाल जुन क्षेत्रलाई निषेधित क्षेत्र घोषणा गरेको छ, ती क्षेत्रमा घुम्न जाने विदेशी पर्यटकबाट अनपेक्षित महँगो शुल्क लिने गरेको तथ्य छिपेको छैन, नेपाल सरकारबाट ।

तर, अचम्मको कुरो के भने नेपालको निषेधित र नियन्त्रित क्षेत्र (खासगरी निषेधित क्षेत्र) का बारेमा केही वर्षअघि खुला गर्नका लागि गृहकार्य गर्दै छ भन्ने विभिन्न सञ्चारमाध्यममा पढिएको हो । तर, सो सम्बन्धमा के कसो हुँदै छ, अहिलेसम्म अत्तोपत्तो छैन। जबकि त्यसबेलै निषेधित क्षेत्र खुला गर्ने पर्यटन मन्त्रालयको अनुरोधलाई गृह मन्त्रालयले सकारात्मक ढंगले पहल र गृहकार्य गर्दै गरेको भन्ने सुन्नमा आएको थियो । हुन पनि निषेधित क्षेत्र खोल्नका लागि गृह मन्त्रालयको अनुमति चाहिन्छ। यस विषयमा त्यो बेलाको व्यवस्थापिका संसद्अन्तर्गत रहेको अन्तर्राष्ट्रिय सम्बन्ध तथा श्रम समितिले पनि नेपाल सरकारले तोकेको नियन्त्रित र निषेधित क्षेत्रमा लिने विशेष शुल्क पुनरावलोकन गर्न पर्यटन र गृह मन्त्रालय दुवैलाई निर्देशन दिएको थियो।

तत्कालीन श्री ५ को सरकारले त्यो बेला तोकेको नियन्त्रित/निषेधित क्षेत्रहरुमा संखुवासभाको हटिया, किमाथांका, मकालु क्षेत्र, दोलखाको गौरीशंकर, लामाबगर क्षेत्र, धादिङ-नुवाकोट-रसुवाको गणेश हिमाल क्षेत्र र तामाङ सम्पदा-टिमुरे क्षेत्र, गोरखाको चुम उपत्यका, छेकम्पार र मनास्लु क्षेत्र, मनाङको नार र फु क्षेत्र, मुस्ताङको माथिल्लो मुस्ताङ, डोल्पाको तल्लो र माथिल्लो डोल्पा क्षेत्र, मुगुको माझी, पुलु क्षेत्र, हुम्लाको यारी, सिमीकोट क्षेत्र, बझाङको साइपल, धुली क्षेत्र र दार्चुलाको टिङ्कर भन्ज्याङ र ब्यास क्षेत्र आदि थिए । हाल आएको ७३ वटामा थप भएका नयाँ नाका-क्षेत्रहरू कुनकुन हुन् ? राजपत्र नहेरी यसै भन्न सक्ने अवस्था रहेन ।

यसरी सरकारले निषेधित घोषणा गरेको क्षेत्रमा भ्रमण गर्न जाने प्रत्येक विदेशी पर्यटकबाट सरकारले सुरुमा ७ सय अमेरिकी डलर अतिरिक्त शुल्क (सलामी रकम) लिन्थ्यो भने साथमा सरकारी सम्पर्क अधिकारी पनि लानैपर्ने बाध्यतात्मक व्यवस्था थियो। भलै कतिपय अवस्थामा सम्पर्क अधिकृतहरूचाहिँ पर्यटकसँग पैसा बुझ्ने अनि 'फलानो देशको फलानो-फलानो नाम गरेको पर्यटकहरू आउँदैछन्, ती पर्यटकलाई बिनारोकटोक जान दिनुहोला' भनी अगाडि आउने प्रहरी चौकीलाई चिठी लेखेर पठाउने र आफू भने फर्कने गरेका थिए । जसले गर्दा सुरुदेखि सम्पर्क अधिकृतको विरोध भएको थियो। जबकि ती क्षेत्रको संवेदनशीलतालाई ख्याल गरेर सुरुदेखि अन्तिमसम्म नै पर्यटकसँगसँगै हिँड्ने सम्पर्क अधिकृतको व्यवस्था गरिनुपर्थ्यो। त्यसका लागि उत्तम उपाय भनेको सरकारी कर्मचारीभन्दा ट्रेकिङ गाइडहरूलाई आधारभूत तालिम दिएर खटाउन सकिन्थ्यो ।

जे होस्, पर्यटक र पर्यटन व्यवसायीहरुको लामो समयको विरोधपछि सम्पर्क अधिकृतको व्यवस्था हाल हटिसकेको छ भने पर्यटकलाई लाग्ने दस्तुर ७ सय अमेरिकी डलरबाट ५ सयमा झरेको छ । यसरी हेर्दाखेरि अहिले नियन्त्रित-निषेधित क्षेत्रमा भ्रमण गर्न चाहने विदेशी पर्यटकबाट लिने विशेष शुल्क (सलामी) आधाभन्दा पनि बढी घटेको छ। तापनि हालसम्म नियन्त्रित/निषेधित क्षेत्रमा जाने विदेशी पर्यटकको संख्या अझै अपेक्षित रूपमा बढेन। हामीले बेला छँदै सोचविचार गरेर समीक्षा गर्नुपर्ने देखिन्छ ।

त्यसअघि नै सकेसम्म चाँडो नेपाल सरकारले हालसम्म जेजस्तो र जसको कारणले गर्दा माथि उल्लेख गरिएका हिमाली क्षेत्रमा पर्ने जिल्लाहरु निषेधित क्षेत्र भनी तोकिएको भए तापनि अब तत्कालै हटाइहाल्न सकेमा नै विदेशी पर्यटकको नयाँ ठाउँ, नयाँ क्षेत्रमा पदयात्रा गर्ने संख्या अरु धेरै बढोत्तरी हुन सक्ने देखिन्छ। त्यसैले यस विषयमा नेपाल सरकार मातहत रहेको सम्बन्धित निकायले गम्भीर भएर सोच्नुपर्ने देखिन्छ। *(स्रोतः कारोबारदैनिक)*

# शरीरलाई कति अक्सिजन चाहिन्छ ?

आँखा चिम्लेर सोच्नुहोस् त, तपाईंको शरीरमा प्रत्येक पटक कति अक्सिजन प्रवेश गर्छ ? कहाँसम्म गर्छ ? दिनभरमा तपाईंले कति अक्सिजन लिनुहुन्छ ?

चलनचल्तीमा भनिन्छ, 'यो शरीर भनेको एक मुठी सास न हो !'

त्यो एक मुठी सासले शरीरलाई कसरी जागा र ताजा राख्छ ? यी रोचक प्रश्न हुन् । अक्सिजनले वास्तवमा शरीर भित्र के के गर्छ ? किन यो नभई हुन्न ?

**अक्सिजन भनेको के हो ?**

अक्सिजन भनेको एक प्रकारको ग्याँस हो । जुन ग्याँस शरीरलाई चलाउनको लागि ऊर्जाको रूपमा प्रयोग हुन्छ । जसरी ग्याँसमा खाना पकाएपछि मात्र खाना पाक्छ ।

त्यस्तै, शरीरलाई ऊर्जा दिएर चलाउन यो ग्याँस आवश्यक छ। जसलाई अक्सिजन भनिन्छ। अक्सिजन विना व्यक्ति १० मिनेट पनि बाँच्न सकिंदैन । त्यसैले, यसलाई प्राणवायु पनि भनिन्छ ।

**अक्सिजन कसरी प्राप्त हुन्छ ?**

हाम्रो आँखा वरपर अक्सिजन हुन्छ। अर्थात् वायुमण्डलमा अक्सिजन चारैतर्फ घुमिरहेको हुन्छ। जुन छान्निएर वा रिसाइकल भएर मानवले २४ घण्टै लिइरहेको हुन्छ। जुन वनस्पतिबाट प्राप्त हुन्छ।

**वनस्पतिले कसरी अक्सिजन दिन्छ ?**

हामीले लिने प्रत्येक पलको सासमा अक्सिजन हुन्छ । जुन शरीरमा पुगेर कार्बनडाइअक्साइडको रुपमा बाहिरिन्छ। कार्बनडाइअक्साइडलाई बोटबिरुवाले ग्रहण गरी अक्सिजनको रुपमा रुपान्तरण गर्छ। यसरी नै यो प्रक्रिया निरन्तर चलिरहन्छ।

**वायुमण्डलमा कति मात्रामा अक्सिजन ग्याँस हुन्छ ?**

वायुमण्डलमा करिब २१ प्रतिशत




भाग अक्सिजनको रहेको हुन्छ भने ७८ प्रतिशत नाइट्रोजन र १ प्रतिशत आर्गन, कार्बनडाइअक्साइड लगायत अन्य ग्याँस रहेको हुन्छ। जसमध्ये शरीरलाई चलाउने वा प्राण भर्ने काम अक्सिजन ग्याँसको हुन्छ।

**अक्सिजन नाक हुँदै शरीरमा पुग्ने प्रक्रिया कस्तो हुन्छ ?**

हाम्रो नाकले दुईवटा प्वालबाट अक्सिजन सासको माध्यमबाट प्रवेश गरी अन्ननली हुँदै ल्यारेन्क्स र भोकल कर्ड बीचबाट श्वासनलीमा छिर्छ ।

श्वासनलीमा छिरेपछि दाइने र देब्रे फोक्सोमा विभाजित हुन्छ । जसलाई ब्रोन्कस भनिन्छ। ती ब्रोन्कसबाट विभाजित हुँदै जाँदा नजिकैको रगतको नसामा पुग्छ। रगतमा पुगेपछि त्यहाँ भएको कार्बनडाइअक्साइड बाहिरिन्छ। र, कार्बनडाइअक्साइडको ठाउँ अक्सिजनले लिन्छ ।

रगतको माध्यमबाट शरीरको सम्पूर्ण भागमा पुग्छ। त्यसपछि अक्सिजनको मुख्य कामहरु सुरु हुन्छ। अक्सिजनले हरेक अंगको कामको लागि ऊर्जा निकाल्ने काम गर्छ।

शरीरमा एउटा कोषभित्र माइक्रोकोन्डिया भन्ने भाग हुन्छ जसले खाएको खाना र रगतमा भएको अक्सिजनलाई ऊर्जामा रुपान्तरण गरिदिन्छ । त्यो ऊर्जाले पुनः हामीले खाएको खानालाई टुक्राएर पानी र कार्बनडाइअक्साइडमा रुपान्तरण गर्छ।

हाम्रो शरीरमा प्रत्यक्ष-अप्रत्यक्ष रूपमा ६५ प्रतिशत मात्रा अक्सिजनकै हुन्छ हामीले खानामा ग्रहण गर्ने प्रोटिन, कार्बोहाइड्रेट वा भिटामिन नै किन नहोस्, अक्सिजनको उपस्थिति रहेकै हुन्छ । हामीले खानामा ग्रहण गर्ने प्रोटिन, कार्बोहाइड्रेट वा भिटामिन नै किन नहोस्, अक्सिजनको उपस्थिति रहेकै हुन्छ ।

**फोक्सो र अक्सिजन एक-अर्काको परिपूरक भन्न मिल्छ ?**

फोक्सो र अक्सिजन एक-अर्काको परिपूरक नै हुन् । बाहिरबाट आएको अक्सिजनलाई फोक्सोले शुद्ध गरेर रगतमा पठाउँछ। फोक्सो विना अक्सिजन रगतमा मिसिन पाउँदैन। र, फोक्सोको विकल्पमा अरु कुनै त्यस्तो अंग छैन जसले अक्सिजनलाई शुद्ध पारोस् ! तर, जनावरमा भने फोक्सो बाहेक छाला र गिल्सबाट अक्सिजनलाई शुद्ध गर्ने माध्यम छ ।

**शरीरमा कतिबेला अक्सिजनको स्तरमा कमी हुन्छ ?**

अक्सिजनको स्तर जति ठूलो उचाइमा पुग्यो त्यति कम हुँदै जान्छ । र, समुद्री सतहमा अक्सिजन बढी हुन्छ। त्यही भएर पहाडमा चढ्दा अक्सिजन नपुगेर मानिसहरूलाई लेक लाग्न सक्छ।

**के त्यसो भए पहाडमा बस्नेहरूमा अक्सिजनको स्तर कम हुन्छ ?**

त्यस्तो पक्कै होइन । शरीरमा ७० देखि ९० प्रतिशत अक्सिजन भए सामान्य जीवनयापन गर्न सक्छन् । पहाडमा पनि यही औसतमा अक्सिजन हुन्छ । र, यहाँ सधैं बस्नेहरूमा शरीरले हेमोग्लोबिनको मात्रा बढाइदिन्छ। उनीहरूको गाला पनि हेर्दा रातो देखिन्छ। किनकि हेमोग्लोबिनले अक्सिजनको मात्रा नियन्त्रण गर्न खटिरहेको हुन्छ। तर, दमका बिरामीलाई भने तराई भन्दा पहाडमा बस्दा दम स्वाभाविक रुपमा बढ्ने गर्छ।

**शरीरले अक्सिजन लिन नसक्ने वा कम हुने अवस्थाहरू छन् ?**

स्वास्थ्यमा गम्भीर समस्या हुँदा शरीरले अक्सिजन लिन सक्दैन । जस्तो कि मस्तिष्कमा सास फेर्ने र तान्ने केन्द्र हुन्छ । यो केन्द्रले काम गर्न सकेन भने पनि शरीरले अक्सिजन ग्रहण गर्न सक्दैन। अर्को भनेको छाती र फोक्सोमा समस्या हुँदा पनि अक्सिजन कम हुन्छ। त्यस्तै, छातीमा दीर्घकालीन रूपमा भएका दम र भेन्टिलेसनमा भएका बिरामीमा पनि अक्सिजनको कमी हुन्छ।

मुटुको काम भनेको अक्सिजन पम्प गर्नु हो । तर, कतिपय मुटुको समस्यामा पम्प गर्ने क्षमता छैन भने पनि अक्सिजन स्तर कमी हुन्छ । फोक्सोमा हावा छिरेर फोक्सो खुम्चिएमा पनि अक्सिजन फोक्सोले लिन सक्दैन । रक्त नसामा र गत जमेमा पनि अक्सिजन हुन्छ ।

पिसाबको संक्रमण शरीरका सबै भागमा पुग्दा, छातीमा संक्रमण, निमोनिया, दमले कृत्रिम अक्सिजनको आवश्यक हुन्छ।

त्यस्तै, पारालाइसिस भएका केही बिरामीमा पनि अक्सिजन दिनुपर्ने हुनसक्छ।

...बाँकी पृष्ठ ३ मा

# "प्रविधिको प्रयोग गरेर हामीले आयोगको तयारी गराइरहेका छौं"

सरकारी विद्यालयको स्थायी शिक्षक हुन पछिल्लो समय आकर्षण बढेको देखिन्छ । शिक्षक सेवा आयोगले नियमित परीक्षा सञ्चालन गरेसँगै शिक्षण पेशामा लाग्न चाहनेले परीक्षामा सहभागी हुन पर्याप्त तयारी गर्ने गरेका छन् । आयोगको परीक्षाको तयारीका लागि विभिन्न संघ, संस्थाले तयारी कक्षा सञ्चालन गर्दै आएको छ । आयोगको तयारी कक्षा, आयोगको तयारी गर्दै गर्दा ध्यान दिनुपर्ने कुरा र युवा पुस्ता विद्यालयका स्थायी शिक्षकको रुपमा प्रवेश गरेपछि विद्यालयमा भएका सुधारको विषयमा रहेर आयोगको तयारीका लागि सहजीकरण गराउँदै आउनुभएका हेटौँडा-१८, गोरक्षनाथ माविका शिक्षक होमबहादुर नेपालीसँग समृद्ध समाज दैनिकका सम्पादक सुरेश श्रेष्ठले गर्नुभएको कुराकानी:



**होम बहादुर नेपाली**
**प्रशिक्षक, शिक्षक सेवा आयोग तयारी कक्षा**

**समाज: शिक्षक सेवा आयोगको तयारीमा रहन चाहनेहरुका लागि नियमित पठनपाठनको हिसाबले तपाईहरुले कसरी सहजीकरण गरिरहनुभएको छ ?**
**नेपाली:** हामीले शिक्षक सेवा आयोग र लोकसेवा आयोगका विभिन्न कक्षाहरु सञ्चालन गरिरहेका छौं । विशेषगरी शिक्षक सेवा आयोगको तयारीमा जोडिनुभएका साथीहरु, जो शिक्षा क्षेत्रमा प्रवेश गर्न चाहनुहुन्छ, उहाँहरुका लागि कक्षा सञ्चालन गर्दछौं । अध्यापन अनुमतिपत्र (लाइसेन्स) लिन चाहनेहरुले लाइसेन्स परीक्षाको तयारी गर्नुहुन्छ र लाइसेन्स भएकाहरुले शिक्षक सेवा आयोगकै प्रतिस्पर्धाका लागि तयारी गर्नुहुन्छ । हामीले अहिले लाइसेन्स लिने साथीहरुका लागि तयारी कक्षा गराइरहेका छौं । दैनिक ३ वटा कक्षा सञ्चालन हुन्छ ।
हामीले अनलाइनको माध्यमबाट कक्षा सञ्चालन गरिरहेका छौं । त्यसमा पनि हामीले नयाँ प्रविधिबाट अगाडि बढेका छौं । हामीले विद्यार्थीलाई लाइभ कक्षा र लाइभ कक्षाको रेकर्डवाला भिडियो पनि उपल्बध गराउँछौं । यी सबै कुरा एप्लिकेसनमार्फत् हुन्छ । हामीले पठाएको भिडियो कति हेरिरहनुभएको छ ? परीक्षामा कति सहभागी हुनुभएको छ ? र पढाइमा कति सहभागी हुनु भइरहेको छ ? भन्ने कुराको ट्र्याक गर्नुपर्छ भन्ने हिसाबले नयाँ कुरामा आधारित भएर कक्षा सञ्चालन गरिरहेका छौं । सबै कक्षा हाम्रो स्टुडियोबाट सञ्चालन हुन्छ । हरेक शनिबार सबै कक्षा गर्नेका लागि नमूना परीक्षामार्फत् उहाँहरुको तयारीलाई मूल्याङ्कन गरिरहेका छौं ।

**समाज: अहिलेको उपलब्धताको हिसाबले सूचना प्रविधि माध्यमबाट सबै भर्चुअल कक्षा सञ्चालन गरिरहनुभएको छ ?**
**नेपाली:** सूचना प्रविधिलाई अत्याधिक प्रयोग गर्ने गरेका छौं । किनकि भविष्यमा उहाँहरु शिक्षक हुनु भएपछि र सेवामा प्रवेश गरिसकेपछि सूचना प्रविधिमार्फत् सेवा प्रवाह गर्दा अझ बढी प्रभावकारी हुन्छ भन्ने कुरा अहिलेबाट उहाँहरुलाई ज्ञान होस् भन्ने हिसाबले प्रविधिमा समावेश गराउने प्रयास गरिरहेका छौं ।

**समाज: विद्यार्थीको भर्ना गर्न, शुल्क उठाउन र नियमित उपस्थितिको अनुगमन गर्न कति सहज रहेको छ ?**
**नेपाली:** यसको पनि दुई वटा कुरा छ- फाइदा र बेफाइदा । तर हामीलाई चाहिँ के लाग्छ भने विद्यार्थीलाई भौतिकरुपमा कक्षामा उपस्थित गराइरहँदा पहुँचको कुरा एउटा भयो । भौतिक कक्षा महंगो पनि भयो । एउटा कक्षामा थोरै विद्यार्थी राख्नु एउटा सिमितता रह्यो । त्यसले गर्दा प्रशिक्षकको समय उत्ति नै हुनेभयो । शुल्क अलि महंगो हुने कारणले गर्दा भौतिक कक्षामा अधिक शुल्क भुक्तानी गर्नुपर्ने कारणले विद्यार्थीलाई अनलाइनमा जोड्दा सस्तो पर्ने भयो । उहाँहरुले आफ्नो समय बचत गर्नुभयो । कक्षामा आउने र शिक्षकलाई कुर्ने सयमको बचत पनि भयो आफ्नो घरमा बसेर उहाँहरुले गुरुहरुसँग अध्ययन गर्न पाउनुहुने भयो । पहुँचको हिसाबले भौतिकभन्दा अत्यधिक सस्तो छ । ३ महिनाभन्दा बढी लाइसेन्स परीक्षाको तयारी कक्षाको हामीले २ हजार रुपैयाँ शुल्क निर्धारण गरेका छौं ।

**समाज: एउटा अनलाइन कक्षामा बढीमा कति र न्यूनतम कति सहभागी भइरहनुभएको छ ?**
**नेपाली:** हामीसँग राम्रो नम्बरमा विद्यार्थी संख्या छ । जुम एप्लिकेसनमार्फत् हाम्रो कक्षा सञ्चालन हुने गरेको छ । एउटा कक्षामा २ हजारभन्दा बढी विद्यार्थीहरुलाई सहभागी गराउने गरेका छौं र हामी उहाँहरुको कुरा पनि सुन्छौं । धेरै विद्यार्थी भएपछि के हुन सक्छ भने विद्यार्थीसँग अन्तर क्रिया विद्यार्थीहरुको च्याटमार्फत् हुन्छ ।

**समाज: भर्चुअलरूपमा अन्तरक्रिया गर्दा कति सहज हुन्छ ?**
**नेपाली:** विद्यार्थीसँगको अन्तरक्रिया अलि कम हुन्छ, फिजिकल भन्दा । तर, त्यसको अर्थ उहाँहरुको मनमा जागेको कुराहरुचाहिँ हामी फेरि समाधान गरिरहेका हुन्छौं, कुनै न कुनै माध्यमबाट ।

**समाज: अनलाइन माध्यमबाट यो खालको अभियान चलाउन थाल्नुभएको कति समय भयो ?**
**नेपाली:** हामीले सुरु गर्दा मेडिकल इन्ट्रास तयारीबाट सुरु गरेको हो । एकेडेमिक स्टडीबाट सुरु गरेको हो । हामीले अन्तिम वर्षबाट शिक्षक सेवा र लोक सेवालाई गरौं भनेर पहिलो ब्याच गएको वर्ष र अहिले दोस्रो ब्याच रहेको छ ।

**समाज: तपाईहरूको अनुभवमा नवनियुक्त हुनुभएको र तपाईहरुसँग सम्पर्कमा आउनुभएको शिक्षकहरूको प्रतिक्रिया कस्तो रहन्छ ?**
**नेपाली:** हामीले सबै साथीहरुलाई अल्मुनायीमार्फत् जोड्छैं र अनुभव आदानप्रदान गर्छौं । उहाँहरुको केहि निराशाहरु पनि छन् । जस्तो कि, विद्यालयमा नियुक्त भएर पुग्नासाथ पार्टी दिनुपर्ने । शिक्षक साथीहरुले परिवर्तन ल्याउन जरुरी छ । यो सेवा हो । यसलाई जागिर नसोचौँ र नयाँ सोचको विकास गरौं ।

**समाज: एउटा विद्यार्थीले शिक्षक सेवा तयारी गर्नुपूर्व आफूलाई के के कुराले तयार पार्नुपर्छ ?**
**नेपाली:** सबैभन्दा ठूलो कुरा भनेको स्वउत्प्रेरित हुनुपर्छ । अनि पारिवारिक साथको पनि धेरै आवश्यक पर्छ । कक्षामा बस्दा लगातार ५ घण्टासम्मको पनि कक्षा हुन सक्छ ।

## *शरीरलालाई कति...*

किनकि उनीहरुको मस्तिष्कमा अक्सिजन लिनुपर्छ भन्ने सचेत पार्ने नसाले काम गर्न सक्दैन ।

**अक्सिजनको मात्रा कतिलाई सामान्य मान्ने ?**

अक्सिजनको औसत मात्रा वा स्वस्थ रहेको संकेतको मात्रा भनेको पल्स अक्सोमिटरले नाप्दा ९६ भन्दा माथि आउनुपर्छ । दमको बिरामीमा ८८ भन्दा माथि हुनु पनि सामान्य मान्न सकिन्छ । तर, ८८ भन्दा कम स्तरलाई अक्सिजनको स्तर कम भएको मानिन्छ । यस्तोमा कृत्रिम अक्सिजनको आवश्यक पर्छ ।

अधिकांश वृद्धहरुमा अक्सिजनको कमी भएको देखिरहेका हुन्छौं ? के उमेर बढ्दै फोक्सोसँगै अक्सिजनको मात्रा पनि घट्छ ?

शरीरमा ३० वर्षसम्म रहँदा अक्सिजनको मात्रा पनि तन्दुरुस्त नै हुन्छ । तर, ३० वर्षपछि ३० एमएलको मात्रामा वर्षै पिच्छे घट्दै जान्छ । धूम्रपान गर्ने, दाउरामा खाना पकाउने र प्रदूषित वातावारणमा बस्नेहरूको अक्सिजनको स्तर लिने क्षमता ५० र सय एमएल जस्तो घट्ने क्रम हुन्छ ।

**अक्सिजनको स्तर कम भएको कसरी थाहा पाउने ? के कस्ता लक्षण देखिन्छ ?**

अक्सिजनको स्तर कम भएमा अचानक सास फेर्न कठिन हुने, थकान अनुभव हुने, स्याँ-स्याँ हुने, छिटो-छिटो सासको गति बढ्ने, अक्सिजनको मात्रा अति नै घटे हातहरू निलो हुँदै आउँछन् । मस्तिष्कमा अक्सिजन नपुगेमा बेहोसी कुरा गर्ने र अति नै कम भएमा बेहोस हुने अवस्था हुन्छ ।

**उमेर बढ्दै गएपछि अक्सिजनको मात्रा घट्दै जान्छ ?**

शरीर ३० वर्षसम्म रहँदा अक्सिजन पनि तन्दुरुस्त नै हुन्छ । तर, यो उमेर पछि ३० एमएल जति वर्षैपिच्छे घट्दै जान्छ । धूम्रपान गर्ने, दाउरामा खाना पकाउने र प्रदूषित वातावरणमा बस्नेहरुको अक्सिजनको स्तर लिने क्षमता ५० र १०० एमएल जस्तो घट्ने क्रम हुन्छ ।

त्यसो त अक्सिजनको लेभल घटिरहेको हुन्छ, त्यसमा माथि फोक्सोमा दमको समस्या भएमा वृद्ध भएपछि अक्सिजनको कमी हुनसक्छ । यसो हेर्दा अधिकांश वृद्धहरूले अक्सिजन लगाएको देखिन्छ । यसको पछाडिको कारण वृद्ध हुने वित्तिकै अक्सिजन चाहिन्छ भन्ने होइन । बरु जनसंख्याको २२ देखि २५ प्रतिशत वृद्धमा दमको समस्या देखिन्छ । त्यही मध्येका वृद्धमा आँखामा पुगेको हुन्छ ।

**कहिलेकाहीं अचानक किन अक्सिजनको कमीले स्वस्थ व्यक्ति पनि निसास्सिएको जस्तो हुन्छ ?**

कुनै कुराको एलर्जी भएमा श्वासनली खुम्चिएर केही बेर अक्सिजन कम हुन्छ । जसकारण केही सेकेण्ड निसास्सिएको जस्तो हुन्छ । त्यस्तै, धेरै दौडिएमा अक्सिजन बढी चाहिन्छ । छिटो सबै ठाउँमा अक्सिजन पुर्‍याउनुपर्ने भएकोले छिटो स्याँ-स्याँ हुने र अस्थायी रूपमा निसास्सिएको हुनसक्छ ।

अर्को भनेको मानसिक समस्या जस्तै युवामा मानसिक समस्या एन्जाइटी, डिप्रेसनले पनि केही सेकेण्ड निसास्सिएको जस्तो अनुभव हुनसक्छ । जसलाई हाइपर भेन्टिलेसन भनिन्छ ।

**कृत्रिम अक्सिजन कसरी बनाइन्छ ?**

अक्सिजन कन्सर्नट्रेटर भनेको वातावरणमा भएको २१ प्रतिशत अक्सिजनलाई ट्यांकरको क्षमता अनुसार भण्डारण गरिन्छ । जसको लागि केही केमिकलले हावालाई तानेर अक्सिजनको मात्रा बढाएर राखिन्छ ।

**वातावरण प्रदूषणले अक्सिजनको शुद्धतामा कस्तो प्रभाव पारेको छ ?**

सन् १९५० भन्दा अघि प्रदूषणबारे चर्चा हुँदैनथ्यो । श्वासनली, सासको संक्रमणको बिरामी औद्योगिक कारखानाका कारण इङ्गल्याण्डमा बढे । त्यसपछि विश्वव्यापी रुपमा यस सम्बन्धी समस्या बारे सचेतना बढ्यो । शहरी क्षेत्रमा औद्योगिक कलकारखाना, जनसंख्याको ठूलो चाप, मानिस पिच्छे गाडीको धुवाँ-धुलोले वायुमण्डलमा प्रभाव पारिरहेको छ । जसले हामीले लिने अक्सिजनमा पनि प्रभाव पारेको छ ।

उदाहरणका लागि काठमाडौंमा हेर्दा यहाँ धूलोमा १० माइक्रोमिटरभन्दा तलका कणहरू रहेका छन् । यस्तो भएमा कुनै पनि धूलोको कण सिधै फोक्सोको भित्री भागसम्म पुग्छ । जहाँ फोक्सोले रगतमा अक्सिजन मिश्रण गर्छ । यस्तो धुलो काठमाडौंमा धेरै छ । गाडीको धुवाँ र धूलोमा यस्तो समस्या बढी हुन्छ ।

कतिपय धूलो मुख, आँखा र नाकले छेक्छ । नाक, आँखाले समेत छेक्न नसक्ने १० माइक्रोमिटर भन्दा साना धूलोका कणहरू सिधै फोक्सोमा पुग्छन् । प्रदूषण घर बाहिर मात्र नभई घरभित्र पनि हुन्छ । गाउँघरमा दिनहुँ खाना पकाउँदा प्रयोग हुने ग्याँस, आगोको धूलो, तमाखु, चुरोटको धुवाँले फोक्सो विस्तारै विस्तारै बिगारेको हुन्छ । फोक्सो बिग्रिएमा अक्सिजन लिने क्षमता घटिरहन्छ ।


*(स्रोत: अनलाईनखबर)*


**बागमती प्रदेश**

**कृषि तथा पशुपन्छी विकास मन्त्रालयको सूचना**

नेपाल सरकार, जल तथा मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाले मिति २०८१/०६/०९ गते जारी गरेको सूचनानुसार देशभर रहेको मौसमी वायूका प्रभावको कारण मिति २०८१/०६/१० (बिहिबार) देखि २०८१/०६/१३ (आइतबार) सम्म बागमती प्रदेशका धेरै स्थानहरुमा भारीदेखि धेरै भारी वर्षा हुने सम्भावना रहेको र मिति २०८१/०६/१० (बिहिबार) देखि २०८१/०६/१३ (आइतबार) सम्मका लागि मनसुनी वर्षाको जिल्लागत जोखिमको विवरण अनुसार बागमती प्रदेशका दोलखा जिल्ला मध्यम जोखिम र अन्य १२ जिल्ला उच्च जोखिममा रहेका पूर्वानुमानअनुसार ठूलो जनधनको क्षति भइसकेको छ । वर्षाका कारण कृषि क्षेत्रमा समेत ठूलो प्रभाव पारेको छ । यस अवधिमा आमकृषक माझ यो सूचना जारी गरिएको छ ।

१. पानी परेको समयमा रासायनिक/प्राङ्गारिक मलको प्रयोग गर्दा मल बगेर जाने हुँदा यो समयमा रसायनिक/प्राङ्गारिक मलको प्रयोग नगर्ने । साथै, विषादीको पनि प्रयोग नगर्ने ।
२. धान खेत, तरकारी बारी तथा फलफूल वगैंचामा विभिन्न ठाउँबाट कुलेसो काटी पानीको निकास गर्ने ।
३. पानी परेको समयमा धान नकाट्ने र मौसम सफा भई पानी पर्न रोकेको ३-४ दिनपछि मात्र धान काट्ने । उपलब्ध भएसम्म मेसिनहरु प्रयोग गरी धान काट्ने र खेतमा नछोडी भित्र्याउने ।
४. हावाहुरीबाट लडेको धानको बालालाई सक्दो चाँडै काटेर, थ्रेश गरी दाना सुकाई भण्डारण गर्ने र भिजेको धानलाई उसिना चामल बनाउने वा चिउरा, भुजामा प्रयोग गर्ने ।
५. वर्षा नरोकिँदासम्म तरकारीको नर्सरी ब्याड नराख्ने । यदि राखेको भए पानी निकासको उचित व्यवस्था गर्नुका साथै प्लाष्टिकले ढाक्ने ।
६. पशुवस्तुलाई खुवाउने दानालाई सफा र ओभानो ठाउँमा भण्डारण गर्ने । चिसो ठाउँमा भण्डारण गरेको दानामा ढुसीको संक्रमण भई पशुवस्तुको पाचनक्रियामा समस्या आउनुका साथै विष उत्पन भई पशुवस्तुमा क्षति पुग्न सक्दछ । त्यसैगरी भण्डारण गरिएको घाँस/परालमा ढुसीको संक्रमण हुनसक्ने भएकोले बेला-बेलामा निरीक्षण गर्ने ।
७. माछापोखरीमा धमिलो पानी मिसिन नदिने । माछापोखरीको निकासद्वारमा माछाको साइज अनुसारको जाली लगाई पानी निकासको उचित व्यवस्था मिलाउने ।
८. वर्षातको समयमा तापक्रम र आद्रतामा घटबढ भइरहँदा मौरीको छाउरामा कुहिने रोग (Foul Brood Disease) लाग्ने सम्भावना भएकोले मौरी घारको नियमित अनुगमन गर्ने र मौरीलाई खाना कम भएको अवस्थामा चिनी चास्नी बनाएर खुवाउने ।



**Admission Open !!!**

+2
Science
Hotel Management
Commerce
Computer Science
Law (English Medium)

BSc. CSIT
BCA
BBS
} TU Affiliate

BSc. CSIT/BCA को तयारी कक्षा चलिरहेको छ ।
(९८५५०७७४१७/९८५५०६७४३५/९८५५०६९४४४)
**हेटौंडा- सिटि कलेज (जेनिथ मावि)**
हेटौंडा-५, पिप्ले





**हेटौंडा रिफरेन्स ल्यावरोटरी**

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।

Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।
(HRL)

खुल्ने समय: विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।

थप जानकारीको लागि HRL
**हेटौंडा रिफरेन्स ल्यावरोटरी**
हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७




# डीबी बर्तौलाको मुक्तकसंग्रह 'उज्यालोका बाछिटा' रेलमा विमोचन



रेलमा मुक्तकसंग्रह विमोचन गरिँदै ।

समाज संवाददाता

हेटौंडाः साहित्यकार डीबी बर्तौलाको मुक्तक सङ्ग्रह 'उज्यालोका बाछिटा' सोमबार रेलयात्राका क्रममा विमोचन गरिएको छ । छिमेकी मुलुक भारत भ्रमणका क्रममा सत्याग्रह एक्सप्रेसमा मुक्तकसंग्रह विमोचन गरिएको हो । गत शनिबार हेटौँडामै विमोचनको तयारी गरिए पनि वर्षासँगै मुलुकमा ठूलो जनधनको क्षति भएपछि कार्यक्रम स्थगित गरिएको थियो ।

रेलयात्राको क्रममा अग्रज साहित्यकार रमेशमोहन अधिकारी, हयग्रीव आचार्यलगायतले एकसाथ मुक्तकसंग्रह विमोचन गर्नुभएको हो । साहित्य सङ्गम मकवानपुरका अध्यक्ष तथा मुक्तक मञ्च मकवानपुरका संस्थापक अध्यक्ष समेत रहनुभएका बर्तौलाको यो तेस्रो कृति हो । रेल यात्रामा मकवानपुर सहित बारा, कपिलवस्तु तथा भारतका साहित्यकार, साहित्य अनुरागीहरुको सहभागिता रहेको थियो । कार्यक्रममा साहित्यकार मिथिला अधिकारी, बाराका साहित्यकार अप्सरा पुडासैनी, विष्णुप्रसाद गौतम, माधव पोखरेल र राजबाबु पहाडीले 'उज्यालोका बाछिटा' मुक्तक सङ्ग्रहबाट मुक्तक वाचन गर्नुभएको थियो ।

कार्यक्रममा मुक्तककार डीबी बर्तौलाले अनौठो र पृथक रूपमा मुक्तक सङ्ग्रह विमोचन भएकोमा खुसी व्यक्त गर्नुभयो । साहित्यकार हयग्रीव आचार्यले मुक्तकसङ्ग्रह 'उज्यालोका बाछिटा' को समीक्षा गर्नुहुँदै रेलमै कृति विमोचनको नौलो र फरक अभ्यास भएको बताउनुभयो । मुक्तककार बर्तौलाले उखानको प्रयोग गरी जम्मा ९२ वटा मुक्तकभित्र राजनीतिक, सामाजिक विषयवस्तुमाथि तीखो व्यंग्य प्रहार गरेको आचार्यले बताउनुभयो । फरक स्वाद र तीव्र व्यंग्य साथै हास्य भावको प्रयोग गर्नु र प्रत्येक मुक्तकमा उखानको प्रयोग हुनु आफैंमा नौलो प्रयोग रहेको पाइएको कुरा बताउनुभयो ।

साहित्यकार रमेशमोहन अधिकारीले ११ दिने साहित्यिक यात्रा गर्ने क्रममा जुरेको यो अनौठो र ऐतिहासिक तरिकाले मुक्तककार डीबी बर्तौलाको 'उज्यालोका बाछिटा' विमोचन तथा वाचन कार्यक्रम सफल भएकोमा खुसी व्यक्त गर्नु भयो । अघिल्ला कृतिभन्दा उत्कृष्ट भएको अधिकारीले दावी समेत गर्नुभएको छ ।

# हेटौंडाबाट काठमाडौं जाने यात्रुलाई चर्को भाडा

समाज संवाददाता

हेटौंडाः सुमो व्यवसायीहरुले सडकण्डहरुको बन्द भएको मौकामा चर्को भाडा लिने गरेको पाइएको छ । हेटौंडा हुँदै काठमाडौं जाने र आउने यात्रुहरुलाई सुमो व्यवसायीहरुले चर्को भाडा लिने गरेको पाइएको हो ।

सोमबारसम्म त्रिभुवन लोकपथ सडकखण्ड अन्तर्गतको हेटौंडा-सिमभञ्ज्याङ-पालुङ-चित्लाङ हुँदै थानकोट निस्कने सडकखण्ड मात्र सञ्चालनमा थियो । काठमाडौं जोड्ने कान्तिलोकपथ सडकखण्ड, भीमफेदी-कुलेखानी-फाखेल-काठमाडौं सडकखण्ड, सिस्नेरी-दक्षिणकाली सडकखण्ड भने पहिरो तथा पुलमा क्षति पुगेका कारण अवरुद्ध थियो । सोही मौकामा हेटौंडाका सुमो व्यवसायीहरुले यात्रुहरुसँग चर्को भाडा लिएका हुन् ।

सोमबार त्रिभुवन राजपथको पालुङबाट चित्लाङ हुँदै काठमाडौं आवतजावत गरेको सुमो व्यवसायीहरुले प्रतियात्रु १ हजार रुपैयाँ लिएका थिए । अरुबेला नियमित ६ सय ५० रुपैयाँ भाडादर रहेकोमा अहिले ३ सय ५० रुपैयाँ बढाएर १ हजार रुपैयाँ पुर्‍याएको हो । 'अहिले वर्षाका कारण सडक धेरै ठाउँमा बिग्रेको छ । हामीले पनि यात्रुहरुको मागअनुसार जोखिम मोलेर गाडी निकालेका छौं । यो सडकखण्डबाट अहिले ६ घण्टाभन्दा बढी समय लाग्छ । यति भाडा त लिनैपर्छ के गर्नु', एक व्यवसायीले भने । सडकखण्डमा राम्रोसँग आवतजावत गर्न सम्भव भएपछि र अन्य सडकखण्डहरु खुलेपछि साविककै भाडादरमा आउने जाने व्यवस्था हुने पनि उनले बताए ।

सोमबार हेटौंडाबाट काठमाडौं जाने यात्रुको संख्या भने कम थियो । उनीहरुले अत्यावश्क काम भएर जानुपरेको बताएका थिए । 'काठमाडौं पुग्नै पर्नेछ । भाडा जति भए पनि तिर्नैपर्‍यो । नभए गाडी नै छैन भनेर भन्छन्', एक यात्रुले भने । सुमो व्यवसायीहरुले अहिले सडकको अवस्थालाई देखाएरमात्र नभई चाडपर्वको समयमा हरेक वर्ष यात्रुहरुसँग चर्को भाडा लिने गरेका छन् । नजिकिँदै गरेको चाडहरु (दशैं, तिहार र छठ) मा अझ विशेषगरी सुमो व्यवसायीहरुले यात्रुहरुसँग चर्को भाडा लिने गरेका छन् ।

जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रमुख सीताराम रिजालले नागरिकले चर्को भाडा तिर्नुपर्ने अवस्थाको अन्त्य गर्ने बताउनुभयो । यसमा प्रहरीले विशेष निगरानी राख्ने भन्दै उहाँले चर्को बढी भाडा लिएको पाइएमा प्रहरीमा खबर गर्न आग्रह गर्नुभयो । उहाँका अनुसार चर्को भाडा लिएको भन्ने गुनासो बाहिर आए पनि प्रहरीमा भने कुनै खबर आएको छैन । यसो हुँदा बढी भाडा लिने यातायात व्यवसायीहरुलाई कारबाही गर्न नसकेको उहाँको भनाइ छ । गतवर्ष मकवानपुर प्रहरीले खबर पाएअनुसार बढी भाडा लिने व्यवसायीलाई कारबाही गरेर भाडा फिर्ता गर्ने काम गरेको उहाँले बताउनुभयो ।

## हेटौंडामा ७ 'ए' साइड फुटबल प्रतियोगिता सुरु

# कमलादेवी क्लबको विजयी सुरुवात

समाज संवाददाता

हेटौंडाः हेटौंडामा ७ 'ए' साइड फुटबल प्रतियोगिता सुरु भएको छ । सोमबारबाट हेटौंडा-१० स्थित वनविज्ञान क्याम्पसको चौरमा सुरु भएको प्रतियोगिताको पहिलो खेलमा हर्नामाडीको कमलादेवी युवा क्लबले विजयी सुरुवात गरेको छ ।

कमानेको द क्रास क्लबलाई २-१ गोलले हराउँदै हर्नामाडीको कमलादेवी क्लबले विजयी सुरुवात गरेको हो । कमलादेवीको जीतमा अभिषेक रोक्काले २ गोल गरेका हुन् । उनले खेलमा पहिलो हाफको १५ औं मिनेटमा र दोस्रो हाफमा अतिरिक्त सयमको २ मिनेटमा एक-एक गोल गर्दै दुई गोल पूरा गरेका हुन् । द क्रासका निराजन मगरले दोस्रो हाफको २ मिनेटमा एक गोल गरेका थिए ।

सोमबारै भएको दोस्रो खेलमा चौकीटोल युथ क्लबले टाइब्रेकरमा जाँते क्लबलाई ७-६ गोलले हराउँदै विजयी सुरुवात गरेको छ । खेलको निर्धारित समय ३-३ गोलको बराबरीमा रोकिएपछि नतिजाको लागि टाइब्रेकरको सहारा लिनुपरेको थियो । टाइब्रेकरमा चौकीटोलका राजु लामाले प्रहार गरेको बल सातौं गोलमा परिणत हुँदै विजयी भएको हो । म्यान अफ द म्याच राजु लामा घोषित भएका छन् ।

भुटनदेवी क्लबका अध्यक्ष राजु विष्टको सभाध्यक्ष तथा आशीष श्रेष्ठको प्रमुख आतिथ्यमा प्रतियोगिता सुरु भएको हो । बत्सलादेवी माध्यमिक विद्यालय, सिस्नेरीको एन्फा एकेडेमीका विद्यार्थीहरुको दुःखद् निधनप्रति श्रद्धाञ्जली व्यक्त गरेर प्रतियोगिता सुरु भएको थियो । प्रतियोगिताको उद्घाटन भव्य तारिकाले गर्ने योजना रहे पनि पहिरोमा ज्यान गुमाएका खेलाडीहरुलाई श्रद्धाञ्जली व्यक्त गरेर प्रतियोगिता सुरु गरेको हो ।

प्रतियोगिताका संयोजक सेजन खड्गीको संयोजकत्वमा भएको प्रतियोगितामा २३ वटा टिमको सहभागिता रहेको छ । प्रतियोगिताको उपाधि विजेता टिमले ५० हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् भने उपविजेता टिमले २५ हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् । प्रतियोगिताको फाइनल खेल असोज २० गते हुनेछ । गतवर्ष ८ 'ए' साइडमा प्रतियोगिता आयोजना गरेकोमा क्लबले यसवर्ष ७ 'ए' साइडमा प्रतियोगिता आयोजना गरेको हो ।

# हेटौंडा उपमहानगरद्वारा जेष्ठ नागरिकलाई सम्मान

समाज संवाददाता

हेटौंडाः हेटौंडा उपमहानगरपालिकाले ६५ जना जेष्ठ नागरिकलाई सम्मान गरेको छ । सोमबार उपमहानगरले ३४ औं अन्तर्राष्ट्रिय जेष्ठ नागरिक दिवसको पूर्वसन्ध्यामा एक कार्यक्रम आयोजना गर्दै जेष्ठ नागरिकलाई सम्मान गरेको हो ।

उपमहानगरको महिला तथा बालबालिका शाखाको आयोजना तथा जेष्ठ नागरिक समन्वय समितिको समन्वयमा कार्यक्रम भएको हो । महाशाखाकी प्रमुख विष्णुकुमारी लामिछानेका अनुसार उपमहानगरपालिकाले १३ वटा वडाको ६५ जना जेष्ठ नागरिकलाई सम्मान गरेको हो ।

कार्यक्रममा जेष्ठ नागरिक वडा समन्वय समितिबाट ६० वर्ष उमेर माथिका ५-५ जना सहभागी थिए । सहभागी जेष्ठ नागरिकहरुले विभिन्न कलासमेत प्रस्तुत गरेका थिए । जेष्ठ नागरिकहरुले भजन, दोहोरी, नृत्य र कविता वाचनलगायत प्रस्तुति राखेका थिए ।

कार्यक्रममा वडा नम्बर १, २, ३, ४, ५, ६, ७, ८, ९, १०, ११, १७, १८ र १९ समितिबाट मात्र जेष्ठ नागरिकहरुले कला प्रदर्शन गरेका हुन् । नगरपालिकाले हरेक समूहलाई ५-५ हजार रुपैयाँसहित ढाका पछ्यौरा उपहार दिएर जेष्ठ नागरिकहरुलाई सम्मान गरेको छ । कार्यक्रममा २ सयभन्दा बढी संख्यामा जेष्ठ नागरिकहरुको उपस्थिति रहेको थियो ।

उक्त कार्यक्रमको अवसरमा उपमहानगरपालिकाले नगरभित्रका तीन वटा वृद्धाश्रमलाई न्यानो कपडा (सिरक) वितरण गरेको छ । हेटौंडा-२ स्थित ओम वृद्धाश्रमलाई २५ थान, हेटौंडा-१५ स्थित दिव्यसेवा निकेतनलाई २८ थान र हेटौंडा-१७ स्थित श्रीमद्भागवत आश्रमलाई ५ थान सिरक सहयोग गरेको हो । आश्रममा आश्रित संख्याको आधारमा उपमहानगरले सिरक सहयोग गरेको हो । कार्यक्रमको खर्च विवरण केही दिनमा समीक्षा गरेर सार्वजनिक गरिने जनाइएको छ ।

जेष्ठ नागरिक मञ्च हेटौंडा नगर समन्वय समितिका कार्यबाहक अध्यक्ष रामबहादुर नेपालीको सभाध्यक्ष तथा हेटौंडा उपमहानगरपालिकाको नगर प्रमुख मीनाकुमारी लामाको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा नगरका उपप्रमुख राजेश बानियाँलगायत वडाध्यक्षहरुको सहभागिता रहेको थियो ।


## हार्दिक श्रद्धाञ्जली



जन्मः २००९/१२/०९

स्व. बद्रिप्रसाद पौडेल

स्वर्गारोहणः २०८१/०६/०५

सञ्चारकर्मी एमपी शर्माका पुजनीय पिता **बद्रिप्रसाद पौडेल**को निधनको खबरले हामी मर्माहत भएका छौं । यस दुखद् घडीमा स्वर्गीय बुबाप्रति हार्दिक श्रद्धाञ्जी अर्पण गर्दछौं । शोकाकुल परिवारजनप्रति हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**सुरेश श्रेष्ठ, सम्पादक**

**एवम् समृद्ध समाज दैनिक परिवार**

**हेटौंडा-४, मकवानपुर**



## श्री श्रमिक माध्यमिक विद्यालय

हेटौंडा-४, कर्रा, मकवानपुर

### शिक्षक आवश्यकता

*(सूचना प्रकाशित मितिः २०८१/०६/१३)*

यस श्री श्रमिक माध्यमिक विद्यालय हेटौंडा-४, कर्राका लागि कम्प्युटर विज्ञान विषयको निजीस्रोत करार शिक्षक (अंग्रेजी माध्यमतर्फ) पदपूर्ति गर्नुपर्ने भएकाले विद्यालय व्यवस्थापन समितिको निर्णयअनुसार इच्छुक तथा योग्यता पुगेका नेपाली नागरिकबाट दरखास्त दिनुहुन यो सूचना प्रकाशन गरिएको छ ।

**तपसिल**ः

१) विज्ञापन नम्बरः ०४/२०८१/०८२
२) पदः कम्प्युटर विज्ञान शिक्षक (आधारभूत तह)
३) संख्याः १ (एक) जना
४) शैक्षिक योग्यताः मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्प्युटर विषय लिई १२ कक्षा उत्तीर्ण वा कुनै पनि विषयमा १२ कक्षा उत्तीर्ण गरी कम्प्युटरसम्बन्धी तालिम प्राप्त ।
५) उमेरः १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको ।
६) सेवा सुविधाः विद्यालय व्यवस्थापन समितिको निर्णयअनुसार ।
७) आवेदन फारम दस्तुरः रु. ७००/- (सात सय रुपैयाँ) ।
८) परीक्षाको किसिमः लिखित, मौखिक र आवश्यकताअनुसार प्रयोगात्मक/कक्षा अवलोकन ।
९) आवेदन फारम बुझाउने अन्तिम मितिः २०८१/०७/२५ गतेसम्म ।
१०) सम्पर्क मितिः २०८१/०७/२६ गते ।
११. परीक्षा मितिः सम्पर्क मितिमा जानकारी दिइनेछ ।

**आवश्यक कागजात**ः हस्तलिखित निवेदन, नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि, शैक्षिक योग्यता तथा आवश्यक तालिम प्रमाणपत्रको प्रतिलिपि ।

**नोट**ः इमेलबाट पनि दरखास्त दिन सकिनेछ । नेपाल बैंक लिमिटेड, सिटी अफिस हेटौंडामा रहेको श्री श्रमिक माध्यमिक विद्यालयको चल्ती खाता नं. ०२५००१००४४०८९९००००१ मा आवेदन दस्तुर बुझाउन सकिनेछ ।

**थप जानकारीका लागि सम्पर्क**ः
**मोबाइल नम्बर**ः ९७६५९५५५२२, ९८४५१०७४२८, ९८४५२८६५६५
**इमेल**ः shramik.2022@gmail.com



**हाम्रो सुमो सेवाको**

**नयाँ प्रस्तुती...**

**असोज ७ गते सोमबारबाट सेवा शुभारम्भ**



**Electric Van**
**विद्युतीय भ्यानमा यात्रु सेवा**





२०६८ सालदेखि हेटौंडामा स्थापना भएर यात्रुहरुलाई आरामदायी र भरपर्दो सुमो सेवा सञ्चालन गर्दै आएको यस कम्पनिले अब विद्युतीय सवारीसाधन (Elecric Van (EV) मा गुणस्तरी सेवा शुभारम्भ गर्न लागेको सगौरव जानकारी गराउँदछौं ।

**हेटौंडा-काठमाडौं-हेटौंडा** | **हेटौंडा-बीरगन्ज-हेटौंडा**

साथै यस कम्पनिद्वारा सञ्चालित EV, साझा बस, स्कार्पियो तथा सुमो जीप भाडामा चाहिएमा सम्पर्क गर्नुहोला ।

**१५ पटकको यात्रापछि एउटा टिकट निशूल्क ।**

**अग्रीम बुकिङ गरी दुईतर्फी टिकट लिएर ५ दिनभित्र यात्रा गरेमा दुईतर्फी टिकटको मूल्य ११००/- मात्र ।**
**हेटौंडा र काठमाडौं दुबैतर्फबाट गाडी छुट्ने समयः बिहान ६, ८, १०, मध्यान्ह १२, दिनको २ र ४ बजे ।**

**भेष खड्गी, सञ्चालक**

## हाम्रो ईभी सेवा

**हेटौंडा-२, पुरानो मकवानपुररोड (पिपलबोटचोकबाट संगमचोक जाने बाटोमा)**
**९८४५४-५७५०७, ९८५५०६८८७३**

**सम्पर्क**
**हेटौंडा ०५७-५२१४२१**
**९८५५०७८३७८ (हटलाइन)**
**मुख्य कार्यालय हेटौंडा**
**०५७-५९१०४०**

**ललितपुर ०१-५४०४४४४**
**९८५५०-७८४७८ (हटलाइन)**
**सानेपा (बल्खु पुल पारी पुरानो स्टार हस्पिटलसँगै)**